# मङ्गलसैन राजपत्र

मङ्गलसैन नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) संख्या ४ मितिः २०८२ पुष ०१

## भाग २

### मङ्गलसैन नगरपालिका

## मङ्गलसैन नगरपालिकाको सूचना

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम गर्दै युवालाई धुम्रपान, मद्यपान तथा लागु औषधको कुलतबाट जोगाई सु–संस्कृत समाज निर्माण गर्ने उद्देश्यले नगर खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि बनाउन बाञ्छनिय भएकोले नगर कार्यपालिकाको मिति २०८२/०८/०९ गतेको वैठकबाट पारित नगर खेलकुद सञ्चालन सम्वन्धी कार्यविधी, २०८२ लाई मङ्गलसैन नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को दफा (७) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः



## नगर खेलकुद सञ्चालन सम्वन्धी कार्यविधी, २०८२

**प्रस्तावना :**

खेलकुदको माध्यमवाट समाजमा अनुशासन र सामाजिक सदभाव कायमय राखि यूवाहरुलाई धुम्रपान, मद्यपान, लागु पदार्थ सेवनको कुलतवाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरीक वनाउन, राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उदेश्यलाई मुर्त रुप दिन वाञ्छनिय भएकोले नगर खेलकुद संचालन सम्वन्धी यो कार्यविधी वनाईएको छ । नगर शिक्षा ऐन (संशोधन)-२०८२ को नियम ४५ ले दिएको अधिकारको अधिनमा रहि मङ्गलसैन नगरपालिका ,नगर खेलकुद सञ्चालन सम्वन्धी कार्यविधी, २०८२ तयार गरिएको छ।

### परिच्छेद - १

### नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:** यो कार्यविधीको नाम "नगर खेलकुद संचालन सम्वन्धी कार्यविधी, २०८२" रहनेछ । र यो कार्यविधी राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) "ऐन" भन्नाले मङ्गलसैन नगरपालिकाको **शिक्षा ऐन २०८२"** सम्झनु पर्छ ।

ख) "कार्यविधी" भन्नाले " मङ्गलसैन नगरपालिका, नगर खेलकुद संचालन सम्वन्धी कार्यविधी, २०८२ " भन्ने सम्झनु पर्छ ।

ग) "नगर खेलकुद विकास समिति" भन्नाले नगर कार्यपालिका वाट गठित नगर खेलकुद समिति भन्ने सम्झनु पर्छ ।

घ) "खेलकुद प्रशिक्षण समिति" भन्नाले नगर खेलकुद समितिले गठन गरेका सम्वधीत विषयगत खेलकुद प्रशिक्षण समितिलाई सम्झनु पर्छ ।

ङ) "टिम, क्लव, संघ, संस्था" भन्नाले मङ्गलसैन नगरपालिकामा तोकिए वमोजिम दर्ता भएका मङ्गलसैन नगरपालिका क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

च) "खेलाडी" भन्नाले टिम, क्लव, संघ संस्थामा सम्वद्ध खेलाडी सम्झनु पर्छ ।

छ) "प्रशिक्षार्थी" भन्नाले मङ्गलसैन नगरपालिका द्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्थामा सम्वद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ

ज) "प्रशिक्षक" भन्नाले मङ्गलसैन नगरपालिका द्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागि प्रशिक्षक, टिम, क्लव, संघ





संस्था खेल प्रशिक्षण समितिमा सम्वद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

झ) "खेलकुद विकास कोष" भन्नाले मङ्गलसैन नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ञ) "खेलाडी विवरण" भन्नाले टिम, क्लव, संघ संस्थाहरुले आफनो टिम, क्लव, संघ संस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

ट) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्वद्ध समिति, उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद -२

### ३. उदेश्य हरु

क) नगरको कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,

ख) नगर क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावन जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उतरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरीक तयार गर्ने,

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने,

ङ) खेलकुदको माध्यमवाट नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने,

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

छ) खेलकुद विकासको निम्ति भोतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र वुद्धिजीवीहरुलाई समेत शारीरीक व्यायाम खेलकुद व्यवस्थागर्न सहयोग पुर्याउने,

ञ) मङ्गलसैन नगरपालिका भित्र वाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

ट) टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

ड) नगर खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।





## परिच्छेद - ३
## नगर खेलकुद विकास समितिको गठन सन्चालन तथा काम कर्तव्य र अधिकार

४. नगर कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद समिति गठन गर्न सक्नेछ ।

क) नगर प्रमुख वा निजले तोकेको व्यक्ति - अध्यक्ष

ख) वडा खेलकुद विकास समितिका अध्यक्ष तथा सदस्यहरु मध्ये नगर प्रमुखले मनोनित १ जना-सदस्य

ग) नगरपालिका क्षेत्र भित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा ख्याती आर्जन गरेका खेलाडी तथा पूर्व खेलाडी र प्रशिक्षकहरु मध्य बाट कार्यपालिकाले तोकेको १ जना- सदस्य

घ) सामाजिक विकास समिति संयोजक वा निजले तोकेको व्यक्ति-सदस्य

ङ) नगर स्तरका खेलकुद सम्बन्धि संस्था तथा क्लवका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेको कम्तिमा १ महिला सहित २ जना-सदस्य

च)सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद शिक्षकहरु मध्य नगरप्रमुख बाट मनोनित २ जना-सदस्य

छ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य सचिव

५. नगर खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ । नगरपालिका वाट पून नियुक्ति हुन सक्नेछ।

६. नगर खेलकुद विकास समितिको वैठक तिन महिनामा १ पटक र आवश्यकता अनुसार जुनुसकै बेला पनि वस्नेछ ।

७. दुई कार्यकाल नगर खेलकुद विकास समितिमा अध्यक्ष वा सदस्य भईसकेको व्यक्ति तेस्रो पटक समितिमा बस्न पाईने छैन।

**८. नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) नगर स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने।

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक सचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(घ) शिक्षण सस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउन, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य पालिका, जिल्ला, प्रदेश र संघमा पठाउने,





(च) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लब, संघ संस्था, प्रशिक्षण संस्थाको नियमन नगरपालिकालाई समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

(छ) नगरपालिकालाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(झ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवं निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(ञ) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा न्यूनत्तम एक खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ट) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकता अनुसार विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

(ठ) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको प्रबद्र्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङताहरुको खेलकुदको विकास

गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने तथा विद्यालय स्तरबाट नै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादका लागि योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने गराउने,

(त) खेलकुद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्न,

(थ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने।

(द) नगर भित्रका विभिन्न खेलकुदहरुको विकासका लागि वार्षिक बजेट नगर सभा हुनुभन्दा पन्ध्र दिन अगाडि नगर कार्यपालिकामा पेश गर्ने।

(ध) सरक्षक नगर प्रमुख, उपप्रमुख, सल्लाहकार प्रमुख प्रशासकीय अधिकृतलाई बैठकमा आमन्त्रण गरी आवश्यक परामर्श र निर्देशन लिने।

(न) नगरपालिका भित्र नगरपालिका बाट सन्चालन हुने सबै प्रकारका खेलकुद प्रतियोगिता नियमन तथा विवाद समाधानका लागी १ जुरी कमिटी गठन गर्ने।

(प)आर्थिक रुपले विपन्न प्रतिभावान खेलाडीलाई उच्च शिक्षा अध्ययनका लागी आर्थिक सहयोग गर्न नगरकार्यपालिकालाई सिफारिस गर्ने।





**९. नगर खेलकुद बिकास स्मितिका पदाधिकारी एवम सदस्यहरुलाई दिने सुबिधाः**

क) नगरपालिकाबाट निर्णय गरिएको बैठक भत्ता र स्वीकृत दररेट अनुसार आतेजाते उपलब्ध गराईनेछ।

ख) मङ्गलसेन नगरपालिका खेलकुद बिकास समिति को कामले जिल्ला, प्रदेश एवम राष्ट्रिय रुपमा भ्रमण गर्दा बमोजिम अधिकृत स्तरको दैनिक भ्रमण भत्ता र आवत जावत वाफतको लाग्ने भाडा स्विकृत दररेट अनुसार उपलब्ध गराईनेछ।

ग) नगर खेलकुद विकास समितिको कामको सिलसिलामा निज वा भाडामा सवारी साधन प्रयोग गर्दा लागेको ईन्धन खर्च वा यस्ता अन्य खर्चहरु ।

घ) नगरपालिकाले निर्णय गरेका अन्य सम्बन्धित खर्चहरु ।

**१०. अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) नगर खेलकुद विकास समितिको वैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तर दायित्व अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजन, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग) राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) नगर खेलकुद विकास समितिको वैठक वस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

११. सदस्य सचिवको काम कर्तव्य र अधिकार

क) वैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

ख) वैठक माईन्यूटिङ उठाउने र वैठक संचालन सम्वन्धी आवश्यक काम गर्ने ।

**१२. सदस्यहरुको काम कर्तव्य र अधिकार :**

क) समितिको वैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने ।

ख) समितिको निर्णय कार्यान्वयमा सहयोग पुर्याउने,

ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लव संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठी मा नगर खेलकुद समितिले तोके वमोजिम प्रतिनिधीत्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।

ग) समितिको निर्णय वमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

**१३. समितिको संरक्षक**

१.नगर प्रमुख खेलकुद विकास समितिको संरक्षक हुनेछ।

२.नगर उपप्रमुख खेलकुद विकास समितिको सह-संरक्षक हुनेछ।





## परिच्छेद -४

## खेलकुद प्रतियोगिता व्यवस्थापन तथा आयोजना

१४. नगर खेलकुद विकास समिति आफैले वा नगरपालिकाले दर्ता भएका टिम, क्लव, संघ संस्था मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

**१५.** नगर खेलकुद विकास समिति आफैले वा नगर भित्रका टिम, क्लव, संघ संस्था मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिम संग मैत्री पूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

१६. रनिङ शिल्ड बाहेक प्रत्येक बर्ष खेलकुद विकास समितिको बैठकको निर्णय अनुसार नगरपालिका भित्र खेलकुद प्रतियोगिता आयोजना गर्न सक्नेछ।र सो निर्णय अनुमोदनका लागी नगरकार्यपालिकालाई सिफारिस गर्नेछ।

**१७.** सल्लाहकार समितिको गठन : नगर खेलकुद विकास समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद -५

## नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरुको अभिलेखिकरण र व्यवस्थापन

**१८.** मङ्गलसैन नगरपालिका भित्रका टिम, क्लव, समिति र संस्था आदिले नगर खेलकुद विकास समितिको उदेश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास टिम, क्लव, समिति र संस्था सुचिकृत गर्न चाहेमा सुचिकृत शुल्क रु.१०००/- सम्वन्धीत वडा कार्यालयको सिफारीस सहित निवेदन गर्न आएमा कार्यालयले सुचिकृत गर्ने निर्णय गरी दर्ता अभिलेख राख्नु पर्ने छ । सुचिकृत गरीएका टिम, क्लव, समिति र संघ संस्थाले वार्षिक रुपमा रु.५००/- नविकरण शुल्क सहित निवेदन गरी नविकरण गर्नु पर्ने छ ।

**१९.** सुचिकृत भएका टीम, क्लव, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद विकास समितिवाट स्वीकृति लिनु पर्नेछ ।

**२०.** सुचिकृत र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधी द्वारा सम्वन्धीत ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

**२१.** नगरपालिकामा सुचिकृत भएका टीम, क्लव, संघ संस्थाहरुले नगर खेलकुद विकास समितिको उदेश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास





समितिको सिफारीसमा नगर कार्यपालिका निर्णय वाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

क) वडा स्तरी प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु. २५,०००।- सम्म,

ख) नगर स्तरीय प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु.५०,०००।- सम्म,

ग) जिल्ला स्तरिय प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु.७५,०००।- सम्म,

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) वढीमा रु. १००,०००।- सम्म ।

ङ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुर्याउने प्रतियोगिताहरुको सम्वन्धमा उपयुक्त ढंगवाट सहयोग पुर्याउने नगरपालिका समक्ष सिफारीस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

## परिच्छेद - ६

## वडा खेलकुद समितिको गठन सन्चालन तथा काम कर्तव्य र अधिकार

**२२.** क.वडा खेलकुद समिति सम्बन्धि व्यवस्थाः

१.सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति – संयोजक

२.वडा समितिले मनोनित गरेको वडा महिला सदस्यहरु मध्ये बाट १ जना-सदस्य

३. वडाका क्रियाशिल खेलकुद क्लवका अध्यक्ष वा सदस्हरु मध्ये अध्यक्षले मनोनित गरेको कम्तिमा १ महिला सहित २ जना-सदस्य

४.वडा सचिवःसदस्य सचिव

ख. वडा समितिको बैठकमा नगर खेलकुद विकास समितिको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

ग. वडा खेलकुद समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

घ. वडा खेलकुद समितिको वैठक तिन महिनामा १ पटक र आवश्यकता अनुसार जुनसकै बेला पनि वस्नेछ ।

ङ.दुई कार्यकाल वडा खेलकुद समितिमा अध्यक्ष वा सदस्य भईसकेको व्यक्ति तेस्रो पटक समितिमा बस्न पाईने छैन।

**२३. वडामा खेलकुद समितिको काम कर्तव्य र अधिकारः**

(क) वडा स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(ख) वडा स्तरीय मेयर कप तथा उपमेयर कप खेलकुद छनौट प्रतियोगिताको आयोजना, व्यवस्थापन र अनुगमन गर्ने।

(ग) वडा स्तरीय खेलकुद प्रतियोगिता तथा बडा अध्यक्ष कप छनौट प्रतियोगिताको लागि आवश्यका पूर्वाधार तयार गर्ने।

(घ) सम्बन्धित वडाका सम्पूर्ण युवा तथा खेलाडीहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने ।





(ङ) वडा अध्यक्ष कप खेलकुद छनौट प्रतियोगिताका लागि सम्बन्धित वडामा वडा स्तरीय प्रतियोगिता सम्पन्न गरी छनौट भएका खेलाडीहरुलाई निर्धारित कोटा अनुसार नगर स्तरीय खेलकुद प्रतियोगितामा सहभागि गराउने।

(च) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक स्रोत जुटाउन पहल गर्ने।

(छ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक र प्रचार प्रसार उपसमिति गठन गर्ने।

(ज) वडामा खेलकुद प्रशिक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने।

(झ) नगर खेलकुद विकास समितिसँग समन्वय गरी अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने।

(ज) वडा भित्र रहेका विद्यालयहरुमा अध्ययनरत बिद्यार्थीहरुलाई खेलकुद कार्यक्रममा सहभागी गराउदै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी तयारीको लागि प्रोत्साहन गर्ने।

## परिच्छेद -७

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

२४. नगरपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

२५. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२६. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागि भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान वधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२७. क. एकल खेल तर्फ पदक जित्ने खेलाडलाई जिल्ला स्तरमा रु ५,०००। प्रदेश स्तरमा रु १०,०००। र केन्द्र स्तरमा रु१५,०००।सहित सम्मान गरिनेछ।

ख. समुह खेल तर्फ पदक जित्ने खेलाडलाई जिल्ला स्तरमा रु २०,०००। प्रदेश स्तरमा रु २५,०००। र केन्द्र स्तरमा रु३०,०००। सहित सम्मान गरिनेछ।

२८. मङ्गलसैन नगरको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधीहरुको याली वा वैठक वोलाउन सक्नेछ ।





## परिच्छेद - ८

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२९. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लव, संघ संस्था वा विद्यालय / कलेजलाई सहभागी गराईनेछ ।

३०. नगर खेलकुद विकास समितिले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

(१) नगरपालिका भित्र भाग लिन जानेको हकमा :

क) प्रतियोगितामा भाग लिन जाँदा खान, वस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधी भर वढीमा दुई हप्ताका लागि प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन न्युनतम रु. १,५००।- दरले प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी रु५,०००, प्रशिक्षक र व्यवस्थापकलाई वढीमा वार्षिक रु. १०,०००।- सम्मको सुविधा दिन सक्नेछ ।

(२) जिल्ला वाहिर भाग लिन जाने हकमा :-

क) प्रतियोगितामा भाग लिन जाँदा खान, वस्न र यातायातका लागि खर्च उपलव्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधी भर वढीमा दुई हप्ताका लागि , प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन न्युनतम रु. २,०००/- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी रु५,०००, प्रशिक्षक र व्यवस्थापकलाई वढीमा वार्षिक रु.१०,०००।- सम्मको सुविधा दिन सक्नेछ ।

घ) प्रतियोगितामा जान आउन सम्भव भए सम्म स्थल मार्ग र सार्वजनिक यातायात प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ९

## खेलकुद प्रोत्साहन अनुदान

**३१.** नगरपालिकाले विद्यालयलाई खेलकुद अनुदान उपलब्ध गराउनेछ।

१. नगरपालिकाले प्रत्येक बर्ष रनिङ शिल्ड तयारीका लागी माध्यमिक विद्यालयलाई खेलकुद प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ।

२. विधार्थि संख्या ,भुगोल, दुरी र प्रतियोगितामा हुने ईभेन्ट सहभागीताका आधारमा अनुदान उपलब्ध गराउनेछ।

३. विद्यालयलाई दिने प्रोत्साहन अनुदान रकम सम्बन्धमा नगर खेलकुद विकास समितिले निर्णय गरि कार्यपालिकामा सिफारिस गर्नेछ।

४. प्रतियोगितामा सहभागी सबै विद्यालयलाई अनिवार्य सहभागी गराउने र नहुने विद्यालयलाई अनुदान रकम उपलब्ध गराईने छैन र थप कार्वाहीका लागी शिक्षा समितिलाई सिफारिस गर्नेछ।





५. प्रत्येक बर्ष सबै वडाका माध्यमिक विद्यालयहरु आफ्नो वडा कार्यालय संग समन्वय गरि वडा स्तरिय खेलकुद प्रतियगिता सन्चालन गर्नेछ।

## परिच्छेद -१०

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

**३२.** नगर खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

**३३.** प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद समितिका प्रतिनिधी र वडा अध्यक्षको सिफारीस सहित नगर खेलकुद समितिको निर्धारीत फारम बुझाई आवेदन दिनुपर्नेछ ।

**३४.** प्रशिक्षार्थीहरुले फारम शुल्क रु. १०/- मासिक शुल्क रु. ५०।- बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु. २००/- लाग्नेछ ।

**३५.** प्रशिक्षक सहभागी टीम क्लव, संघ संस्था र विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनु पर्ने र फारम शुल्क रु. १०/-, दर्ता शुल्क रु. ५००/- लाग्ने छ ।

**३६.** कुनै खेल प्रशिक्षकको लागि सम्झौता अनुसार सुविधा पाउने गरी वढीमा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा निश्चित खेल अवधिका लागी करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक



मङ्गलसैन नगरपालिका

प्रशिक्षकलाई नगर खेलकुद समितिले तोके वमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

३७. कुनै पनि खेलको प्रशिक्षण अवधी एक पटकमा वढीमा १ वर्षको लागि हुने छ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

३८. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

३९. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीवाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षाथीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

४०. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तीमा दिनको २ घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

४१. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

४२. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।





## परिच्छेद -११
## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

४३. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्वन्धीत प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४४. विशेष तरिकाले मर्मत गर्न सम्वन्धीत प्राविधीक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद समितिले कोषवाट मर्मत संभार गर्नेछ । तर रकम नपुग भएमा कोषवाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४५. खेलकुद पूर्वाधार (स्टेडीयम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद समितिको निर्णयअनुसार माग भई आएका नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद - १२
## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४६. नगर खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तीक कक्षा संचालन र दक्ष अनुसाशित खेलाडी तयार गर्ने कार्यमा सम्वन्धीत खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनसार विषयगत खेल प्रशिक्षण समति गठन

गरिनेछ । विषयगत खेल प्रशिक्षण समिति सम्वन्धी अन्य व्यवस्थाहरु देहाय वमोजिम हुनेछ :-

क) नगर खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्वन्धीत खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

ग) यस समितिले सम्वन्धीत खेलकुद प्रति जनमानसको आकर्षण वढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ ।

ङ) प्रशिक्षण केन्द्रवाट संचालन हुने ग्रेडीङ्, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, सम्प्रदायिक एवं अन्य खराव दुर्व्यसन आदिवाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकावाट प्रशिक्षण कार्य अघि वढाउने छ ।

छ) नगर खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालन गर्ने र गर्न लगाउने छ ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थावाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकावाट प्रशिक्षण कार्य अघि वढाउने छ ।





झ) यस समितिको वैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार वस्नेछ ।

ञ) नगर खेलकुद समितिको निर्देशानुसार सम्वन्धीत खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

ट) अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरी स्पष्टीकरण, चेतावनी वा निलम्वन गर्न सक्नेछ । तोकेको अवधीमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्वन्धीत व्यक्तिलाई सफाई पेश गर्ने मौका दिईनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदन माथि नगर खेलकुद समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

ड) नगरपालिका बाट अन्य पालिका प्रदेश जिल्ला तथा केन्द्रमा जुनसुकै खेलको टिम सहभागी गराउनुपर्ने भएमा विषयगत प्रशिक्षक समिति बाट खेल विधा अनुसारको एक जना प्रशिक्षक छनोट गरि टिम पठाउनुपर्नेछ।

## परिच्छेद - १३

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

**४७.** अनुशासनको कारवाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचर संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार संहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक पटक भन्दा वढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी,



मङ्गलसैन नगरपालिका

व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता / प्रशिक्षण / व्यवस्थापनमा सहभागि हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारीसमा नगर खेलकुद समितिले निलम्वन गर्न सक्नेछ ।

४८. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षण, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारीसमा नगरिपालिकावाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

## परिच्छेद - १४
## जुरी समिति सम्बन्धि व्यवस्था

४९. नगरपालिका भित्र सन्चालन हुने सबै प्रकारका खेलकुद सम्वन्धी कार्यक्रममा उत्पन्न हुने विवाद समाधान तथा नियमनका लागी नगर खेलकुद विकास समितिले प्रतियोगिता सन्चालन हुन पुर्व ३ सदसिय जुरी समिति गठन गर्नेछ।

५०. जुरी समितिको कार्यहरुः

क. खेलकुद कार्यक्रम कुनै विवाद उत्पन्न भएमा तत्काल निर्णय गरि खेल सन्चालन गराउने ।

ख. खेलकुद कार्यक्रममा अनुशासनहिन कार्य गरेमा खेल भावना विपरित अभिव्यक्ति दिएमा र नियम उल्लघन गरेमा तत्काल छानविन गरि कारबाही गर्ने तथा कार्वाहीलाई अवज्ञा गर्नेलाई थप कार्वाहीका लागी समितिलाई सिफारिस गर्ने।





ग. कुनै खेल कावु बहिर गई सन्चालन गर्न नसक्ने अवस्था भएमा ३० मिनेट भित्र निर्णय गरि फैसला सुनाउने।

घ. नगर स्तरिय रनिङ शिल्ड प्रतियोगितामा विवाद उत्पन्न भएमा समितिले विवाद भएका विद्यालयहरु तथा प्रशिक्षक संग आवश्यक छलफल गरि खेलकुद प्रोत्साहन अनुदान कटौतिका लगी समितिलाई सिफारिस गर्ने।

ङ. प्रतियोगिता सहभागी भएका समुह बाट अनुशासित टिम छनोट गरि पुरुस्कारका लागी सिपारिस गर्ने।

**<u>आज्ञाले</u>**

....................

खकेन्द्र बहादुर सोडारी

नि. प्रमुख प्रशासकीय अधिकृत